**श्रीमान् कार्यालय प्रमुखज्यू,**
**बागमती प्रदेश प्रहरी कार्यालय हेटौडा, मकवानपुर।**

**विषय : प्रहरी बैण्ड खटाई पाउँ।**

महोदय,

मलाई निम्न बमोजिमको कार्य सम्पन्न गर्न प्रहरी बैण्डको आवश्यकता परेकोले उल्लेखित नियमको अधिनमा रही बैण्डको सुविधा लिन मञ्जुर भएको हुँदा नियमानुसार लाग्ने दस्तुर लिई निम्नानुसारको मिति र समयमा प्रहरी बैण्ड सुविधा उपलब्ध पाउँन भनि यो निवेदन पेश गरेको छु।

**निवेदकको विवरण**

<table>
<tr><td colspan="2">नाम: - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -</td><td colspan="2">ठेगाना: - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -</td></tr>
<tr><td colspan="2">बैण्ड आवश्यक पर्ने मिति: - - - - - - - - - - - - - - - - -</td><td colspan="2">बैण्ड आवश्यक प्रयोजन: - - - - - - - - - - - - - - - - - - - -</td></tr>
<tr><td rowspan="2">खटिनु पर्ने स्थान:</td><td>देखि:- - - - - - - - - - - - - - - - -</td><td rowspan="2">समय:</td><td>बिहान:</td></tr>
<tr><td>सम्म : - - - - - - - - - - - - - - - - - -</td><td>दिउँसो:</td></tr>
<tr><td colspan="2">सम्पर्क नम्बर:</td><td colspan="2"></td></tr>
</table>

**बैण्ड आवश्यक संख्या तथा लाग्ने शुल्क**

| क्र.सं. | आवश्यक बैण्ड | खटिने जनशक्ती | खटिने समय | लाग्ने शुल्क |
|---|---|---|---|---|
| १. | फुल बैण्ड | ११ जना | ६ घण्टा | रु.३०,०००/- |
| २. | फुल बैण्ड | ११ जना | ३ घण्टा | रु.२०,०००/- |
| ३. | हाफ बैण्ड | ७ जना | ६ घण्डा | रु.२५,०००/- |
| ४. | हाफ बैण्ड | ७ जना | ३ घण्टा | रु.१७,०००/- |

निवेदकको दस्तखत:..............................

मिति:....................................

**बैण्ड खटिने सम्बन्धी नियमहरु:**

१. बैण्ड खटिए बापत लाग्ने दस्तुर यस बागमती प्रदेश प्रहरी कार्यालयमा नगदै बुझाए पछि मात्र बैण्ड बुक हुने छ।

२. कुनै सरकारी काम परी बैण्ड खटाउन नसकिएमा सम्पूर्ण शुल्क फिर्ता हुनेछ।

३. बैण्ड लैजान र ल्याउन निवेदकबाट अनिवार्य रुपमा सवारी साधनको व्यवस्था हुनु पर्नेछ र तोकिएको समय भित्र फिर्ता ल्याई सक्नु पर्नेछ।

४. एक पटकमा कम्तिमा ६ घण्टाको लागि बैण्ड खटिने छ र सो ३/३ घण्टा समय अघिपछि सारी लिन पाईने छ।

५. खटिएको बैण्ड समय अवधीमा थप गर्नु परेमा कुल रकमको १६.५% प्रति घण्टाको दरले अतिरिक्त शुल्क लिई बढीमा २ घण्टा सम्म खटाउन सकिने छ। (उक्त समय अवधिमा अन्यत्र बैण्ड नखटिएको अवस्थामा मात्र)।

६. कुनै कारणबस मिति र समय संशोधन गर्नु परेमा ३ दिन अघि नै निवेदकले सूचना दिनु पर्नेछ।

७. खटिएको बैण्ड तोकिएको मिति र समयमा आवश्यक नपर्ने भई रद्ध गर्नु परेमा ७२ घण्टा अगाडी ३०%, ७२ घण्टा भित्र ५०%, २४ घण्टा भित्र ७५% रकम कटाई बाँकी रकम फिर्ता दिईने छ र बैण्ड खटिनु पर्ने समयको २४ घण्टा भन्दा कम समयमा सूचना गरेमा रकम फिर्ता हुने छैन।

# नेपाल प्रहरी बैण्ड

प्रहरी बैण्ड, जनसमक्ष प्रहरीको परिचय गराउने जनसम्पर्क अभिवृद्धी गराउने तथा प्रहरी संगठनको गरिमा र मर्यादा बढाउने एक प्रभावकारी माध्यम पनि हो । तत्कालिन श्री ५ महेन्द्रबाट सर्वसाधारणको माग अनुसार शुल्क लिएर प्रहरी बैण्ड खटाउने र संकलित रकम लिएर प्रहरी महानिरीक्षकको निर्देशानुसार प्रहरी बैण्डको सुधार एवं जनसम्पर्क अभिवृद्धी गर्ने र अन्य कार्यमा खर्च व्यवस्था भएनुसार हालसम्म सोही अनुसार कार्य भैरहेको छ ।

प्रहरी बैण्डको सर्वसाधारणबाट र अन्य विभिन्न समारोह एवं क्रियाकलापहरुको लागि बद्‌डो माग, बैण्डको साधन उपकरणको मर्मत सम्भारको लागि बढ्दो आर्थिक भार एवं यसै आवश्यकतालाई मध्यनजर राखी प्रहरी बैण्ड व्यवस्थापन २०५५ अन्तर्गत निम्नानुसार व्यवस्था गरिएको छ ।

**बैण्ड खटाउने सम्बन्धी व्यवस्था:-**

(१) प्रहरी बैण्ड राष्ट्रिय चाडपर्व, समारोह तथा सर्वसाधारणको माग अनुसार शुभ-विवाह, व्रतबन्ध, अन्नप्राशनमा र संघसंस्थाबाट आयोजित कार्यक्रम, समारोह आदी शुभ कार्यमा खटाउन सकिने व्यवस्था छ ।

(२) प्रहरी बैण्ड एकपटकमा बढिमा ३ घण्टाका लागि मात्र खटाउन सकिने छ । सो ३ घण्टाको समयलाई अधिपछि गरी दुई पटक गरी लिन पाइने छैन ।

(३) खटिएको बैण्डलाई तोकिएको स्थान बाट ल्याउन र कार्य समाप्त भए पछि समयमै तोकिएको स्थानमा फिर्ता पुर्याउन चालक, इन्धन सहित सवारी व्यवस्था निवेदक स्वयंमले गर्नु पर्ने छ ।

(४) निवेदकले बैण्डको लागि निवेदन फर्म भरी २० दिन अधि प्रस्तुत गरी बैण्ड बुक हर्न सक्ने छन् ।

(५) यसरी बैण्ड बुक गर्दा रु १,०००/- (एक हजार) घरौटी राख्नु पर्ने छ । सो घरौटी रकम बैण्ड खटिए पछि निवेदकलाई फिर्ता हुनेछ । यदि बैण्ड निवेदकले रद्ध गरेको खण्डमा धरौटी रकमको ५०% निवेदकलाई फिर्ता गरिने र ५०% बैण्ड फण्डमा जम्मा गर्नु पर्ने छ ।

(६) बैण्डको लाग्ने शुल्क प्रहरी बैण्ड खातामा जम्मा गरी भौचर दाखिला गरिसके पछि मात्र निवेदकलाई बैण्ड खटिएको अदेश पत्र दिइने छ ।

(७) कुनै सरकारी काम परी बैण्ड खटाउन नसकिएको खण्डमा शुल्क फिर्ता हुने छ ।

(८) निवेदकले कुनै कारण वश खटिएको बैण्ड रद्ध गर्नु पर्ने भएमा लिखित रुपमा सूचना गर्नु पर्नेछ । यसरी बैण्ड रद्ध गरे बापत निम्मानुसार शुल्क कट्टी गरि बाँकी निवेदकलाई फिर्ता गरिने छ ।

(क) खटिएको मिति र समय देखी ७२ घण्टा अगाडी लिखित सूचना दिएमा जम्मा गरिएको रकमको ३०% रकम कटाई बाँकी रकम फिर्ता गरिने छ ।

(ख) खटिएको मिति र समय देखी ७२ घन्टा भित्र लिखित सूचना दिएमा जम्मा गरिएको रकमको ५०% रकम कटाई बाँकी रकम फिर्ता गरिने छ।

(ग) खटिएको मिति र समय देखी २४ घन्टा भित्र लिखित सूचना दिएमा जम्मा गरिएको रकमको ७५% रकम कटाई बाँकी रकम फिर्ता गरिने छ।

(घ) खटिएको मिति र समय देखी २४ घण्टा पछि खबर गरेमा जम्मा गरिएको रकम फिर्ता हुने छैन।

(९) प्रहरी कर्मचारी र अवकाश प्राप्त प्रहरी कर्मचारीहरुका लागि प्राथमिकताको आधारमा खटाइने छ। बैण्ड बुक भइसकेको वा खटिइसकेको आवस्थामा खटाउन बाध्य हुने छैन।

**(१०) <u>होटल, ट्राभल्स एजेन्सी, बिभिन्न टेकिङ संस्था आदिबाट माग भई आएमा खटाउदाको व्यवस्था:-</u>**

(क) फूलकन्सर्ट पाइपर्स र ड्रमर्स ३६ जनाको रु.२१,०००/-(एकाईस हजार)

(ख) फूलकन्सर्ट ब्रास २२ जनाको रु.१४,०००/-(चौध हजार)

(ग) पाइपर्स र ड्रमर्स १४ जनाको रु.११,०००/-(एधार हजार)

**(११) <u>बिभिन्न संघ संस्थाको लागि खटाउदाको व्यवस्था:-</u>**

(क) राष्ट्रिय चाडपर्व, राष्ट्रिय शिक्षा दिवस, बुद्ध जयन्ती, कृष्णाष्टमीका अवसरमा तथा राष्ट्रिय स्तरको समारोहमा र नेपाल प्रहरीलाई सहयोग पुर्याउने संघसंस्था र विद्यालयहरुबाट बैण्ड माग भई आएमा निशुल्क बैण्ड उपलब्ध गराउन सकिने छ।

(ख) इन्धन, सवारी सहित चालकको व्यवस्था निवेदकले गर्नुपर्ने छ।

**(१२) <u>सर्बसाधारण व्यत्तिका लागि खटाउदाको व्यवस्था:-</u>**

(क) फुल बैण्ड (११ जना) एक पटकका लागि ६ घण्टाको रु.३०,०००/-

(ख) फुल बैण्ड (११ जना) एक पटकका लागि ३ घण्टाको रु.२०,०००/-

(ग) हाप बैण्ड (७ जना) एक पटकका लागि ६ घण्टाको रु.२५,०००/-

(घ) हाप बैण्ड (७ जना) एक पटकका लागि ३ घण्टाको रु.१७,०००/-

**(१३) <u>प्रहरी कर्मचारी (बहालवाला) का लागि खटाउदाको व्यवस्था:-</u>**

(क) बहालवाला प्रहरी कर्मचारीको आफ्नो शुभ विवाहमा निशुल्क बैण्ड खटाइने छ।

(ख) उपदफा (क) अनुसार निशुल्क बैण्ड एक कार्यमा बढीमा २ पटकसम्म खटाइने छ।

(ग) उपदफा (क) र (ख) मा उल्लेख भएनुसार राजपत्रांकित प्रहरी कर्मचारीका लागि पुरा बैण्ड ११ जना र राजत्रअंनकित प्रहरी कर्मचारीला लागि आधा बैण्ड ७ जना खटाइने छ।

(घ) प्रहरी कर्मचारीको आफ्नै छोरा वा छोरीको शुभ विवाह, ब्रतबन्ध, अन्नप्राशन आदी शुभ कार्यमा १०% शुल्क लाग्ने छ।

(ङ) यसरी बैण्ड माग गर्दा प्रहरी कर्मचारीले आफू कार्यरत रहेको प्रहरी कार्यालयको सिफारिस समेत पेश गर्नु पर्ने छ।

**(१४) <u>अवकास प्राप्त प्रहरी कर्मचारीका लागि खटाउदाको व्यवस्था:-</u>**

(क) अवकाश प्राप्त प्रहरी कर्मचारीको आफ्नै शुभ विवाह, छोराछोरीको विवाह, ब्रतवन्ध, अन्नप्राशन आदि शुभकार्यमा निम्नानुसार व्यवस्था गरिएको छ।

(क १) पाँच वर्ष देखी दश वर्ष सम्म सेवा अवधि पूरा गरेका अवकाश प्राप्त प्रहरी कर्मचारीको लागि लाग्ने शुल्कको २५% शुल्क लिई खटाउने।

(क २) ११ वर्ष देखि १५ वर्ष सम्म सेवा अवधि पूरा गरेका अवकाश प्राप्त प्रहरी कर्मचारीका लागि लाग्ने शुल्कको २०% शुल्क लिई खटाउने।

(क ३) १६ वर्ष देखि २४ वर्ष सम्म सेवा अवधि पूरा गरेका अवकाश प्राप्त प्रहरी कर्मचारीका लागि लाग्ने शुल्कको १५% शुल्क लिई खटाउने।

(क ४) २५ वर्ष देखि बढी सेवा अवधि पूरा गरेका अवकाश प्राप्त प्रहरी कर्मचारीका लागि लाग्ने शुल्कको १०% शुल्क लिई खटाउने।

(ख) यो सुबिधा अन्तर्गत अवकाश प्राप्त राजपत्रांकित प्रहरी कर्मचारीका लागि पुरा बैण्ड र अवकाश प्राप्त  राजत्रअंनकित प्रहरी कर्मचारीला लागि आधा बैण्ड एक कार्यला लागि दुई पटकसम्म खटाउन सकिनेछ।

(ग) यसरी बैण्ड माग गर्दा अवकाश प्राप्त  प्रहरी कर्मचारीले माथि उल्लेख भएनुसार आफू पहिले प्रहरी सेवामा रहेको कुनै प्रमाणित लिखित प्रमाण पनि पेश गर्नु पर्नेछ।

(घ) प्रहरी नियामावली अनुसार कारवाही भई प्रहरी सेवाबाट अवकाश भएका प्रहरी कर्मचारीले यो सुविधा पाउने छैन।

(ङ) प्रहरी सेवामा कर्तव्यपालनाको क्रममा दिबंगत भएका, प्रहरी संगठनको गरिमा बढाउने विषेश कार्य गरेका र कर्तव्य पालनाको क्रममा अंगभंग भई अनिवार्य अबकाश पाएकाहरुका लागि यो प्रावधान लागू हुने छैन। त्यस अवकाश प्राप्त प्रहरीको लागि न्यूनतम शुल्क १०% शुल्क लिई खटाउने।